# माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेड

## MATHILLO MAILUN KHOLA JALAVIDHYUT LIMITED

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)

का.म.न.पा. वडा नं. ४, काठमाण्डौ

फोन नं. ४-३७३०३०, ४-३७२८२८, फ्याक्स नं. ४०१५७९९

Email:mailung@sanimahydro.com , Website : www.sanimamailung.com


## दशौं वार्षिक साधारण सभाको निर्णय विवरण (माइन्युट)

**(कम्पनी ऐन, २०६३ को दफा ७५(३) को प्रयोजनको निमित्त प्रकाशित)**

यस माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेडको मिति २०८० साल पौष २९ गते (तदनुसार १४ जनवरी, २०२४) आइतबारका दिन कुण्डलिनि दरवार व्याङ्क्वेट, चण्डोल, काठमाण्डौमा सम्पन्न दशौं वार्षिक साधारण सभाबाट पारित देहाय बमोजिमका निर्णयहरू सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

सभामा शेयरधनीहरुको स्वयम तथा प्रतिनिधि मार्फत उपस्थित संख्या २८३ भएको र कुल बाँडफाँड भएको शेयरको ५९.४५ प्रतिशतको प्रतिनिधित्व भएको हुँदा सभाको लागि गणपुरक संख्या पुगेको व्यहोरा सभामा जानकारी गराइयो ।

साधारण सभाका अध्यक्ष श्री रामेश्वर रिजालज्यूद्वारा कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गरियो । तत् पश्चात् अध्यक्षज्यूले मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ. व. २०७९/०८० को वार्षिक प्रतिवेदन अनुमोदनका लागि प्रस्तुत गर्नुभयो । साथै, कम्पनी व्यवस्थापनको तर्फबाट महा-प्रबन्धक श्री काँगडा प्रसाईज्यूले यस कम्पनीद्वारा प्रवर्द्धित रसुवा जिल्ला उत्तरगया गाउँपालिका वडा नं. १ स्थित १४.३ मे.वा. जडित क्षमताको माथिल्लो मैलुङ्ग खोला जलविद्युत आयोजनाको निर्माण सम्बन्धमा भए गरिएका कार्यहरू, कम्पनीको आर्थिक तथा वित्तीय अवस्था, कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्वका कार्यहरू लगायत आयोजनासँग सम्बन्धित विस्तृत विवरण पावरप्वाइन्ट प्रस्तुतीकरणको माध्यमद्वारा जानकारी गराउनु भयो ।

**साधारण सभाबाट भएका निर्णयहरू :**

निर्णयार्थ दशौं वार्षिक साधारण सभा समक्ष पेश भएका साधारण तथा विशेष प्रस्तावहरू सभाबाट निम्न बमोजिम पारित गरियो :

**(क) साधारण प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट सभा-अध्यक्ष श्री रामेश्वर रिजालज्यूले प्रस्तुत गर्नु भएको आ. व. २०७९/८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने प्रस्ताव गरिएकोमा सभामा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको २०८० साल आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ. व. २०७९/८० को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत् सम्बन्धी अनुसूचीहरू उपर छलफल समेत भईसकेकोले उक्त विवरण स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट सर्वसम्मतिले उक्त प्रतिवेदन तथा आर्थिक विवरणहरू पारित गरियो ।

३. कम्पनीको लेखापरीक्षण समितिले आ. व. २०८०/८१ को कम्पनीको हिसाब किताब लेखापरीक्षण गर्ने लेखापरीक्षक संस्था N.B.S.M. & Associates, Chartered Accountants लाई मूल्य अभिवृद्धि कर बाहेक रू. १,००,०००/- (अक्षरेपी एक लाख रूपैया मात्र) पारिश्रमिक निर्धारण गरी नियुक्तिका लागि सिफारिस गरेकोमा समितिको सिफारिस बमोजिम उल्लिखित संस्थालाई आ. व. २०८०/८१ को लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

४. यस कम्पनीको आठौं वार्षिक साधारण सभाबाट नियुक्त दुई जना सञ्चालकहरूले दिनु भएको राजिनामा स्वीकृत भई रिक्त हुन आएको सञ्चालक पदमा प्रचलित कम्पनी ऐन तथा यस कम्पनीको नियमावली बमोजिम सञ्चालक समितिबाट तपसिल बमोजिम नियुक्ति भएको हुँदा, उक्त नियुक्तिको कार्यलाई बाँकी कार्यकाल सम्मका लागि अनुमोदन गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

**तपसिल**

(क) सानिमा हाइड्रोपावर लिमिटेडका आधिकारीक प्रतिनिधि श्री विनय कुमार श्रेष्ठज्यूको राजिनामा मिति २०७९/०९/१२ गतेको बैठकबाट स्वीकृत भई सोही कम्पनीका अर्का प्रतिनिधि ल.पु.म.न.पा., ३, ललितपुर बस्ने श्री अजय कार्की (ना.प्र.नं. २०५८, ललितपुर) लाई सोही मितिको सञ्चालक समितिको बैठकबाट नियुक्ति गरीएको ।

(ख) सानिमा माई हाइड्रोपावर लिमिटेडका आधिकारीक प्रतिनिधि डा. सुवर्ण दास श्रेष्ठज्यूको राजिनामा मिति २०७९/१०/२२ गतेको बैठकबाट स्वीकृत भई सोही कम्पनीका अर्का प्रतिनिधि खैरहनी ७, चितवन हाल का.म.न.पा. वडा नं. २, काठमाण्डौ बस्ने श्री घनश्याम थापा (ना.प्र.नं. २९५६/०३५, चितवन) लाई सोही मितिको सञ्चालक समितिको बैठकबाट नियुक्ति गरीएको ।

५. कम्पनी ऐन, २०६३ को दफा ८६ (३) तथा कम्पनीको नियमावलीको दफा ३१ बमोजिम १ (एक) जना स्वतन्त्र सञ्चालक नियुक्ति गर्नु पर्ने व्यवस्था अन्तर्गत कम्पनीको सञ्चालक समितिको मिति २०८०/०९/०६ गतेको बैठकबाट सिफारिस भई आएको तपसिलमा उल्लेखित नामावलीमध्ये सम्बन्धित क्षेत्रमा प्राप्त गरेको योग्यता र कार्य अनुभवको मूल्याङ्कनका आधारमा श्री रमेश कुमार मास्केज्यूलाई आगामी ४ (चार) वर्षको कार्यकालका लागि कम्पनीको स्वतन्त्र सञ्चालकमा नियुक्ति गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**तपसिल**

| क्र.सं. | नाम, थर र ठेगाना | शैक्षिक योग्यता | सम्बन्धित विषयमा कार्य अनुभव |
|---|---|---|---|
| १. | **श्री रमेश कुमार मास्के**<br>का.म.न.पा. वडा नं. ४, काठमाण्डौ | हाइड्रोपावर इन्जिनियरिङ्गमा विद्यावारिधि | सम्बन्धित विषयमा विगत ३० वर्ष भन्दा बढीको कार्य अनुभव । |
| २. | **श्री अमिता डंगोल**<br>का.म.न.पा. वडा नं. २१ काठमाण्डौ | वि.कम/ चार्टड एकाउन्टेन्ट | सम्बन्धित विषयमा विगत १० वर्षको कार्य अनुभव । |
| ३. | **श्री प्रद्युम्न नेपाल**<br>विराटनगर म.न.पा. वडा नं. १, काठमाण्डौ | व्यवस्थापन विषयमा स्नातक | सम्बन्धित विषयमा विगत १५ वर्षको कार्य अनुभव । |

६. यस कम्पनीको नियमावलीको व्यवस्था बमोजिम शेयरधनीहरूको समूह "ख" र "ग" बाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालक नियुक्ति/निर्वाचन प्रयोजनका लागि प्रकाशित निर्वाचन कार्यक्रम अनुसार तपसिल अनुसार २ जना मात्र शेयरधनीहरूबाट उम्मेदवारी दर्ता भई निज उम्मेदवारहरूको विरूद्धमा कुनै दावी विरोध समेत नपरेको हुँदा उहाँहरू निर्विरोध निर्वाचित भई कम्पनीको नियमावली बमोजिम आगामी ४ (चार) वर्षका लागि यस कम्पनीको सञ्चालक पदमा नियुक्त हुनुभएको व्यहोरा निर्वाचन अधिकृत अधिवक्ता श्री बद्री विशाल घिमिरेले सभामा घोषणा गर्नुभयो ।

**तपसिल**

| क्र.सं. | निर्वाचित सञ्चालकहरुको नाम र ना.प्र.नं. | स्थायी ठेगाना |
|---|---|---|
| १. | **श्री रामेश्वर लामिछाने** (१०६६३, काठमाण्डौ) | का.म.न.पा. वडा नं. ३१, काठमाडौ |
| २. | **श्री विशाल भट्टराई** (२१८०/५५९२/१६३६, भोजपुर) | मुलपानी -६, भोजपुर |

७. यस कम्पनीको सञ्चालक समिति तथा अन्य उपसमितिको बैठकमा उपस्थित सञ्चालक सदस्यहरूलाई उपलब्ध गराउँदै आएको बैठक भत्तामा समय सापेक्ष वृद्धि गर्नु पर्ने देखिएकोले हाल कायम बैठक भत्तामा वृद्धि गरी प्रति सञ्चालक प्रति बैठक कर सहित रू. १०,०००/- (अक्षरेपी दश हजार रूपैया मात्र) र सञ्चालक/अध्यक्षका हकमा प्रति बैठक रू. १२,०००/- (अक्षरेपी बाह्र हजार रूपैया मात्र) गर्ने साथै सञ्चालक समितिद्वारा गठित उपसमितिका सदस्य सञ्चालकहरूलाई प्रति उपसमिति बैठक प्रति सञ्चालक रू. १०,०००/- (अक्षरेपी दश हजार रूपैया मात्र) भत्ता निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**(ख) विशेष प्रस्तावहरु :**

१. यस कम्पनीद्वारा प्रवर्द्धित माथिल्लो मैलुङ खोला जलविद्युत आयोजना (१४. ३ मे.वा.) को कूल आयोजना निर्माण लागतमा साविकको रू. २,५०,००,००,०००/- (अक्षरेपी दुई अर्ब पचास करोड रूपैया मात्र) बाट वृद्धि भई हाल रू. ३,०७,००,००,०००/- (अक्षरेपी तीन अर्ब सात करोड रूपैया मात्र) कायम हुन आएको हुँदा लागतमा भएको वृद्धि रू. ५७,००,००,०००/-(अक्षरेपी सन्ताउन्न करोड रूपैया मात्र) थप पूँजीको व्यवस्थापनका लागि यस आयोजनाका सहवित्तीयकरण बैंकहरूबाट कर्जा र स्वपूँजी ७५:२५ को अनुपातमा हुने गरी थप रू. ४२,७५,००,०००/- (अक्षरेपी बयालिस करोड पचहत्तर लाख मात्र) बैंक कर्जा सुविधा लिने निर्णय सभाको सर्वसम्मतिबाट पारित गरियो ।

साथै, उक्त बैंक कर्जा प्राप्त गर्नका लागि यस कम्पनीको तर्फबाट सम्बन्धित बैंक समक्ष नियमानुसार निवेदन गर्न, कर्जा सम्झौता गर्न लगायत अन्य आवश्यक सम्पुर्ण कार्यहरू गर्न, गराउनका लागि कम्पनीको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सभाको सर्वसम्मतिले पारित गरियो ।

२. यस कम्पनीले आ.व. २०७९/८० मा विभिन्न व्यक्ति एवं संस्थालाई चन्दा तथा अनुदान बापत जम्मा रकम रू.४,६७,०००/- (अक्षरेपी चार लाख सतसठ्ठी हजार रूपैया मात्र) उपलब्ध गराइएको कार्यलाई अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**(ग) विविध ।**

विविध विषय अन्तर्गत कुनै छलफल तथा निर्णय भएन ।

**(साधारण सभाको विस्तृत विवरण यस कम्पनीको Website: www.sanimamailung.com मा हेर्न तथा Download गर्न सकिनेछ ।)**